# स्थानीय राजपत्र

## राइनास नगरपालिकाद्वारा प्रकाशित

(खण्डः ४) तिनपिप्ले, लमजुङ मितिः २०८०/०१/१० (संख्याः ९)

### भाग २

### स्थानीय बालअधिकार समिति गठन तथा सञ्चालन सम्वन्धी कार्यविधि-२०८०

**प्रस्तावना :** बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (३) र गण्डकी प्रदेश सरकारको प्रदेश बालबालिका सम्बन्धी ऐन २०७६ को दफा ४६ बमोजिम बाल अधिकारको संरक्षण र सम्बर्द्धनका लागि वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी राइनास नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७८ को दफा ४ बमोजिम राइनास नगरपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

### परिच्छेद -१

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम ‘‘राइनास नगरपालिकामा स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९’’ रहेको।

(ख) यो कार्यविधि राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) ‘‘ऐन’’ भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्दछ।

(ख) ‘‘मन्त्रालय’’ भन्नाले नेपाल सरकारको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्दछ।

(ग) ‘‘प्रदेश मन्त्रालय’’ भन्नाले गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनुपर्दछ।

(घ) ‘‘प्रदेश समिति’’ भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (१) बमोजिमको प्रदेश बाल अधिकार समिति सम्झनुपर्दछ।

(ङ) ‘‘नगरपालिका’’ भन्नाले राइनास नगरपालिका सम्झनुपर्दछ।

(च) ‘‘बाल कल्याण अधिकारी’’ भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ बमोजिम नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनुपर्दछ।

(छ) ‘‘समिति’’ भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (२) तथा यस कार्यविधिको दफा ३ तथा ५ बमोजिमको स्थानीय बालअधिकार समिति सम्झनुपर्दछ।

(ज) ‘‘स्थानीय बाल अधिकार समिति’’ भन्नाले नगर बाल अधिकार समिति र वडा बाल अधिकार समिति सम्झनुपर्छ।

(झ) ‘‘संगठित अपराध’’ भन्नाले भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धिकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसूर, बालबालिका विरुद्धको कसुर लगायतका मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा उल्लेख भएका अपराधहरु सम्झनुपर्छ।

## परिच्छेद -२

### ३. नगर बाल अधिकार समितिको गठनः

(१) बालबालिकाको अधिकार तथा हकहितको सरक्षण र सम्वर्द्धन गर्न नगरपालिकामा देहाय बमोजिमको नगर बाल अधिकार समिति रहनेछ।

(क) उपप्रमुखले तोकेको कार्यपालिका सदस्य -अध्यक्ष
(ख) उपप्रमुखले तोकेको कार्यपालिकाको महिला सदस्य -सदस्य
(ग) शिक्षा शाखा प्रमुख/प्रतिनिधी -सदस्य
(घ) सामाजिक विकास समिति संयोजक -सदस्य
(ङ) स्वास्थ्य शाखा प्रमुख/ प्रतिनिधी -सदस्य
(छ) नगर अस्पतालको प्रमुख/प्रतिनिधी -सदस्य
(ज) नगरभित्रको प्रहरी कार्यालय प्रमुख/ प्रतिनिधी -सदस्य
(झ) उपप्रमुखले तोकेको नगरभित्रका माध्यमिक विद्यालयको प्रधानाध्यापक -सदस्य
(ञ) बाल अधिकारको क्षेत्रमा कार्यानुभव भएका व्यक्ति मध्येबाट उपप्रमुखले मनोनयन गरेको एक जना महिला सहित २ जना -सदस्य
(ट) उपप्रमुखले तोकेको महिला विकास सहकारी संस्थाको प्रतिनिधि १ जना - सदस्य
(ठ) उपप्रमुखले तोकेको बालअधिकारको क्षेत्रमा क्रियाशील गै.स.स. प्रतिनिधि १ जना -सदस्य
(ड) उपप्रमुखले तोकेको वाल साहित्यको क्षेत्रमा योगदान गर्ने एक जना -सदस्य
(ढ) उपप्रमुखले तोकेको बाल मनोविज्ञ वा बाल न्यायका क्षेत्रमा काम गर्ने अधिवक्ता -सदस्य
(ण) नगरस्तरीय बाल क्लवको अध्यक्ष -सदस्य
(त) नगर स्तरीय बाल क्लवले मनोनयन गरेको एक जना बालिका सहित २ जना -सदस्य
(थ) अपाङ्ग भएका व्यक्तिहरु मध्ये उपप्रमुखले तोकेको १ जना -सदस्य
(थ) महिला, वालवालिका, जेष्ठ नागरिक शाखा प्रमुख -सदस्य सचिव

(२) खण्ड (ञ), (ड), (ढ) र (थ) बमोजिम सदस्यमा मनोनयन हुनको लागि संगठित अपराधमा संलग्न नभएको, बालअधिकार हनन् वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको व्यक्ति हुनुपर्नेछ।

(३) मनोनित सदस्यको पदावधि ५ वर्षको हुनेछ।

(४) कुनै कारणवस समितिका पदाधिकारीको पद रिक्त भएमा जुन प्रक्रियाबकाट उक्त पद रिक्त भएको हो सोही प्रक्रियाद्वारा अधिकार प्राप्त अधिकारीले पुन नियुक्ति गर्न सक्नेछ।

**४. नगर बालअधिकार समितिको काम, कर्तव्य र अधिकारः**

(१) दफा ३ बमोजिम गठन हुने नगर बालअधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) यो नगरपालिकामा काम गर्ने नेतृत्वदायी समिति हो ।

(ख) समितिको दिर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट तर्जूमा गर्ने,

(ग) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रबर्द्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र सस्थागत संयन्त्रको व्यवस्था गर्ने,

(घ) नगरपालिकामा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

(ङ) बालअधिकारसम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह र सरोकारवाला निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने,

(च) नेपाल पक्ष रहेका बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय, क्षेत्रीय सन्धिसँग सम्बन्धित नगरस्तरीय आवधिक प्रतिवेदन तयार गर्न सहजीकरण गर्ने,

(छ) नगरपालिकाभित्र हुन सक्ने बालविवाह, बालश्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौनदुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम र नियन्त्रण तथा सडक बालबलिकाको उद्दार, पुनस्थापना, संरक्षण एवं व्यवस्थापन र बालबालिका खोजतलास नं. १०४ तथा बालहेल्पलाइन नं. १०९८ (दश नौ आठ) सेवा अभिवृद्धिजस्ता कार्यमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(ज) बालअधिकार संरक्षण तथा प्रबर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(झ) बालबालिका सम्बन्धी प्रतिवेदन तयार गरी मन्त्रालय, प्रदेश मन्त्रालय, राष्ट्रिय बालअधिकार परिषद् र सम्बन्धित निकायहरुमा पठाउने,

(ञ) बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क/विवरण संकलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

(ट) बालसंरक्षण तथा बालअधिकार प्रबर्द्धनका लागि सञ्चालन हुने राष्ट्रिय/प्रादेशिक र नगरपालिकाको अभियानमा सहयोग गर्ने,

(ठ) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिने दिने कार्यलाई व्यवस्थित गर्न सहजीकरण गर्ने,

(ड) प्रचलित कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रहरुलाई सुधारका लागि निर्देशन दिने । निर्देशन पालना नगरेमा बन्द तथा कारबाही गर्न सुझावसहित सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ढ) नगरपालिकाभित्र सञ्चालित बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रहरुलाई सुधारका लागि निर्देशन दिने । निर्देशन पालना नगरेमा बन्द तथा कारबाही गर्न सुझावसहित सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ण) नगरपालिकाभित्र सञ्चालित बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र लगायतमा आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा देहायको बुँदाहरुमा अनुगमन टोली/समिति गठन गरी अनुगमन गर्ने/गराउनेः

१) बालबालिकाको वैयक्तिक विवरण अद्यावधिक गरी राखेको छ वा छैन,

२) बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालिम प्रदान गरिएको छ वा छैन,

३) बालक्लब गठन गरी बालबालिकालाई खेलकूद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायतका बालसहभागिता जस्ता अन्य क्रियाकलापमा संलग्न गराइएको छ वा छैन,

४) बालबालिका ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन,

५) बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र तथा सामाजिकीकरणको केन्द्रमा कुनै अवाञ्छित कार्य भएको छ वा छैन,

६) उपखण्ड (५) मा उल्लेखित गृह र केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ वा छैन,

(७) बालगृहमा आश्रित बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकता अनुसार अन्तिम विकल्पको रुपमा बालकल्याण अधिकारीबाट व्यवस्था मिलाई राखिएको छ वा छैन,

(८) व्यस्थापन पक्ष तथा बालबालिकाले ऐन, प्रचलित कानून वा मापदण्ड बमोजिम पालन गर्नुपर्ने कुराहरु पालन गरेको छ वा छैन,

(९) उपलब्ध श्रोत, साधनलाई मध्यनजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,

(१०) बालसंरक्षण मापदण्ड निर्माण गरी लागू गरिएको छ वा छैन।

(११) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

**५.वडा बालअधिकार समिति गठनः**

नगरपालिकामा प्रत्येक वडाभित्र देहाय बमोजिमको वडा बालअधिकार समिति रहनेछः

| | |
|---|---|
| १. वडाअध्यक्ष वा अध्यक्षले तोकेको वडा समितिको सदस्य | -अध्यक्ष |
| २. वडा अध्यक्षले तोकेको वडा महिला सदस्य १ जना | -सदस्य |
| ३. वडाभित्रको स्वास्थ्य संस्था प्रमुख/प्रतिनिधि | -सदस्य |
| ४. वडाभित्रका सामुदायिक वा संस्थागत विद्यालयहरुमध्येबाट वडा अध्यक्षले तोकेको एकजना प्रधानाध्यापक | -सदस्य |
| ५. बालबालिकाको क्षेत्रमा क्रियाशील वडाभित्रका गै.स.स.बाट वडाअध्यक्षले तोकेको व्यक्ति | -सदस्य |
| ६. वडा महिला सञ्जाल अध्यक्ष वा वडा अध्यक्षले तोकेको महिला समूहको प्रमुख वा प्रतिनिधि १ जना | -सदस्य |
| ७. वडा बालक्लवको अध्यक्ष | -सदस्य |
| ८. वडा वाल क्लवले मनोनयन गरेको १ बालिका | -सदस्य |
| ९. बालअधिकारको क्षेत्रमा कार्यानुभव भएको वडाअध्यक्षले तोकेको व्यक्ति | सदस्य |
| १०. वडा प्रहरी प्रमुख/ प्रतिनिधी | -सदस्य |
| ११. वडा सचिव | -सदस्य सचिव |

**६.वडा बालअधिकार समितिको काम, कर्तब्य र अधिकारः**

१. बालअधिकारको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान, योजना तर्जूमा गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने ।

२. वडाभित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क संकलन, अद्यावधिक गर्ने र नगर बालअधिकार समिति समक्ष पठाउने ।

३. वडाभित्र बालबालिकाहरुका क्षेत्रमा कार्यरत संघ-संस्था, बालक्लब लगायतका सरोकारवालाबिच आवश्यक समन्वय र सहकार्य गरी बालअधिकारसम्बन्धी संरक्षणात्मक र प्रबर्द्धनात्मक कार्यहरु गर्ने, गराउने ।

४. बालअधिकारका क्षेत्रमा स्थानीय संघसंस्थालाई कार्य गर्न उत्प्रेरित गर्ने,

५. जोखिममा परेका बालबालिकाको तत्काल उद्धारका लागि स्थानीय बाल अधिकार समिति र सम्वन्धित निकायसँग समन्वय गर्ने ।

६. वडाभित्र बालअधिकार हननका घटनाका सम्बन्धमा सम्वन्धित निकायसंग समन्वयकारी भूमिका निर्वाह गर्ने ।

७. आवश्यकतानुसार बालबालिकाहरुको निमित्त आकस्मिक कोषको व्यवस्था मिलाउने,

८. बालअधिकारको सम्मान, संरक्षणमा र प्रवर्द्धनका लागि वकालत गर्ने र वडा समितिलाई बालअधिकारका क्षेत्रमा आवश्यक सुझाव दिने ,

९. वडाभित्र बालबालिकाका सम्वन्धमा भएगरेका कार्यक्रमहरुको अनुगमन गर्ने, प्रतिवेदन तयार गर्ने र नगर बालअधिकार समिति समक्ष पठाउने,

१०. तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**७.नगर/वडा बालअधिकार समितिको बैठक सम्बन्धि कार्यविधिः** (१)नगर बालअधिकार समिति र वडा बालअधिकार समितिको वैठक सम्वन्धी कार्यविधि देहाय बमोजिम हुनेछः

१. समितिको वैठक कम्तिमा वर्षको चारपटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ ।

२. अध्यक्षको निर्देशनमा समितिको वैठक सदस्य सचिवले बोलाउनेछ ।

३. सदस्य सचिवले समितिको वैठक वस्ने सूचना र वैठकमा छलफल हुने विषयहरुको सूची सहित दुईदिन अगाडि समितिका सदस्यहरुलाई उपलब्ध गराउनुपर्नेछ ।

४. समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा वढी सदस्य उपस्थित भएमा समितिको वैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

५. समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्ये आफूमध्येबाट जेष्ठ सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

६. वैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बरावर भएमा वैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

७. समितिको वैठकको निर्णय समितिको अध्यक्षद्धारा प्रमाणित हुनेछ ।

८. समितिको वैठक तथा सञ्चालन खर्च नगरपालिकाको नियमानुसार हुनेछ ।

९. वैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे वमोजिम हुनेछ ।

१०. समितिको वैठकमा आवश्यकता अनुसार विषयसँग सम्वन्धित व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

**द. स्थानीय बालअधिकार समितिको पदावधिः (१)** स्थानीय बालअधिकार समितिको पदावधी देहायको अवस्थामा समाप्त भएको मानिनेछ ।

(क) समिति समक्ष दिएको राजीनामा स्वीकृत भएमा ।

(ख) लिखित सूचना विना लगातार तीन पटकसम्म बठैकमा अनुपस्थित रहेमा ।

(ग) सम्बन्धित संस्थाको सदस्य नरहेमा ।

(घ) मृत्यु भएमा।

(ङ) मानसिक सन्तुलन ठिक नभएमा।

(२) स्थानीय वाल अधिकार समितिमा नियुक्त वा मनोनयन भएको व्यक्तिले पदिय मर्यादा अनुसारको आचरण पालना नगरेमा वा कार्यक्षमताको अभाव देखिएमा स्थानीय वाल अधिकार समितिको गठन गर्ने अधिकार भएको व्यक्तिले सुनुवाईको पर्याप्त मौका दिई निजलाई जिम्मेवारीबाट बर्खास्त गर्न सक्नेछ।

(३) कार्य समितिको कुनै पनि सदस्य वा पदाधिकारीको पद बीचमा रिक्त हुन आएमा बाँकी अवधिका लागि त्यस्तो रिक्त पदका लागि नयाँ सदस्य जुन प्रक्रियाबाट नियुक्ति भएको हो सोही प्रक्रियाबाट नियुक्ति हुनेछ।

**९. उपसमिति वा कार्यटोली गठन गर्न सक्ने: (**१) स्थानीय वाल अधिकार समितिले आफूले गर्नुपर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नका लागि आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ।

२) उपदफा १ बमोजिम गठन हुने उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार कार्यप्रकृति अनुसार काममा खटिए वा काम गरेवापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा नगरपालिकाको प्रचलित नियमानुसार समितिले तोकि दिए बमोजिम हुनेछ।

**१०. बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार:**

बालकल्याण अधिकारीको जिम्मेवारी प्राप्त व्यक्तिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) बालबालिकाको हकहितको संरक्षण तथा बालकल्याण सम्वन्धी नगरस्तरीय योजना तथा कार्यक्रम तर्जुमा गर्न स्थानीय बालअधिकार समितिलाई सहयोग गर्ने,

ख) स्थानीय बालअधिकार समितिको निर्णय एवं निर्देशनहरु कार्यान्वयन गर्ने गराउने

ग) स्थानीय बालअधिकार समितिको सदस्य सचिव भई काम गर्ने,

घ) स्थानीय बालअधिकार समितिवाट प्रत्यायोजित एवं निर्देशित अन्य काम गर्ने गराउने।

**११. बाल कोष: (१)** बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि नगरपालिकामा एक वाल कोष रहनेछ।

(२) उपदफा (१) बमोजिम कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्।

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त रकम

(ख) विदेशी सरकार, अन्तराष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम

(ग) स्वदेशी व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम

(घ) बाल अदालतबाट भएको जरिवानाबाट प्राप्त रकम

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

(४) कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतमा हुनेछ।

(५) कोषको लेखाङ्कन तथा प्रतिवेदन प्रचलित नगरपालिकाको अभ्यास बमोजिम हुनेछ।

(६) कोषको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखापरीक्षकबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(७) उपदफा (१) बमोजिमको कोषको व्यवस्थापन, सञ्चालन र प्रयोग सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ।

**१२. वार्षिक वजेट, खाता सञ्चालन र लेखापरिक्षण:** (१) वालक्लव, स्थानीय वाल अधिकार समितिको प्रशासनिक एवं अन्य कार्यक्रमको खर्च व्यवस्थापन नगर सभाले वार्षिक स्वीकृत कार्यक्रममा व्यवस्था गरे बमोजिम हुनेछ।

(२) नगरपालिकाबाट बालबालिकाको क्षेत्रमा सञ्चालन गरिने योजना तथा कार्यक्रम बाल कोषमार्फत हुनेछ।

(३) कार्यक्रम तथा खर्चको नम्स प्रचलित कानून बमोजिम हुनेछ।

**१३. संसोधनः** यस कार्यविधिलाई व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यकता अनुसार नगर कार्यपालिकाले संसोधन वा खारेज गर्न सक्नेछ।

**१४. बचाउ तथा खारेजीः** यस कार्यविधिमा व्यवस्था भएका कुराहरु बालबालिका सम्बन्धी ऐन, २०७५ स्थानीय सरकार संचालन ऐन, २०७४ र गण्डकी प्रदेश सरकारको प्रदेश बालबालिका सम्बन्धी ऐन २०७६ सँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

**१५.** नगर पालिकाबाट यस अघि बालअधिकार समिति गठन तथा परिचालन सम्बन्धमा सम्पादन भएका कार्यहरु यसै बमोजिम भएको मानिनेछ।

आज्ञाले
गोकर्ण राज सुयल
प्रमुख प्रशासकीय अधिकृत